नवंबर २०२४

# के वैश्विक वित्तीय सहायता आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट (अफ्रिकी मूलका) मानिस र स्थानीय समुदायका महिलाहरूसम्म पुगिरहेको छ ?



# परिचय

अन्तर्राष्ट्रिय अनुदानको प्रवृत्तिको परिणाम निर्धारण गर्ने एवम् व्याख्या गर्ने विश्वव्यापीस्तरीय विश्लेषणहरूका अनुसार आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट (अफ्रिकी मूलका) मानिस र स्थानीय समुदायका महिलाको वन र भूस्वामित्वको अधिकारका लागि विश्वका विभिन्न क्षेत्रहरूमा हुने लगानी र दाताको प्रकार विस्तार भएको छ। तथापि, यी अधिकारवालाहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूले सन् २०११ देखि सन् २०२० सम्मको अवधिमा जलवायु परिवर्तन तथा अनुकूलनका लागि आधिकारिक विकास सहायता (ODA) को एक प्रतिशतभन्दा कम मात्र रकम प्राप्त गरेका थिए । साथै, अन्तर्राष्ट्रिय अनुदानको प्रवृत्तिबारे लैङ्गिक-खण्डीकृत तथ्याङ्कको अभावका कारण लैङ्गिक समानता र महिलाको भूस्वामित्वको अधिकारका क्षेत्रमा समर्पित लगानी सम्बन्धी स्पष्ट जानकारीको अभाव छ।

**ग्लोबल साउथमा आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिला सङ्गठनहरूलाई रूपान्तरणकारी परिवर्तनका लागि समयसापेक्ष र निरन्तर वित्तीय सहयोग आवश्यक छ ।** अझैसम्म पनि यी समूहहरू ज्यादै न्यून वित्तीय लगानीको अवस्थामा छन् । लगानीमा महिलाको पहुँच सम्बन्धी पर्याप्त तथ्याङ्क उपलब्ध छैन । ग्लोबल साउथ राष्ट्रहरूको हकमा आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिला समूह, सङ्गठन र संस्थाहरू सम्बन्धी तथ्याङ्क झण्डै शून्य छ । सामुदायिक स्तरमा कार्यरत महिला सङ्गठनहरूमा प्रत्यक्ष लगानीको अभावका कारण आवश्यक सहायता प्राप्त गर्न नसकी उनीहरूले भूमि तथा वन व्यवस्थापक एवम् रक्षक, खाद्यान्न प्रदायक र ग्रामीण उद्यमको नेतृत्वकर्ताको भूमिका निर्वाह गर्न पाइरहेका छैनन्। प्रत्यक्ष लगानीले महिलाको भूस्वामित्वको अधिकारलाई बाधा पुर्याउने र सबै तहमा निर्णय प्रक्रियाबाट अलग गराउने लैङ्गिक तथा आर्थिक असमानताहरूलाई सकारात्मक रूपमा रूपान्तरण गर्न मद्दत गर्न सक्छ ।

महिलाका लागि भएको लगानी सम्बन्धी तथ्याङ्कको अभाव एवम् आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिला सङ्गठनहरूलाई प्रत्यक्ष लगानीका निम्ति अन्तर्राष्ट्रिय पैरवीलाई सहायता प्रदान गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभ (Rights and Resources Initiative) ले स्थानीय समुदायका महिलाका लागि आवश्यक लगानी स्तर मापनको आधार रेखा निर्माण गर्न र प्रापक संस्थाहरूको उद्देश्य प्राप्तिका लागि कुन् हदसम्म अनुदान तथा कोष संयन्त्रहरू उपयुक्त हुन्छ भन्ने बारेमा मूल्याङ्कन गर्न आवश्यकतामा आधारित विधि बमोजिम अनुसन्धान गर्यो । यस अनुसन्धानको अन्वेषण चरणमा राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभ (Rights and Resources Initiative) ले वुमन इन ग्लोबल साउथ अलायन्स (Women in Global South Alliance) लाई सो कार्यमा सहयोगका लागि आमन्त्रण गर्दा कुल १७ वटा राष्ट्रिय तथा क्षेत्रीय-स्तरका सदस्यहरूले यसमा सहभागिता जनाए । सन् २०२४ मा भएको अनुसन्धानका क्रममा सन् २०१६ देखि सन् २०२३ सम्मको अवधिमा जलवायु परिवर्तन, लैङ्गिक समानता, र दिगो विकासका लागि भएका लगानीका सम्बन्धमा आधिकारिक विकास सहायता र परोपकारी संस्थाहरूका ४० भन्दा बढी प्रकाशनको समीक्षा, ८ वटा गहन अन्तर्वार्ता, १३ वटा संस्थाको सर्वेक्षण र Women in Global South Alliance का १८ सदस्यसँग छलफल सत्रको आयोजना गरिएको थियो ।

यो सारपत्रले उक्त विषयमा हामीले गरेको अनुसन्धानको प्रारम्भिक नतिजा प्रस्तुत गरेको छ । यसमा आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिला समूह तथा सङ्गठनहरूमा भएका लगानी सम्बन्धी विश्वव्यापी तथ्याङ्कको विद्यमान अवस्थाको अन्वेषणात्मक विश्लेषण र लगानी प्राप्तिका लागि उनीहरूले अवलम्बन गरेका रणनीति र पहलकदमीको परीक्षण समावेश गरिएको छ । यहाँ प्रस्तुत परिमाणात्मक तथ्याङ्कले भविष्यमा बृहत् स्तरको अध्ययनमा समेटनुपर्ने प्रवृत्ति र प्रमुख मुद्दाहरूको झलक प्रदान गरेको छ ।

सन् २०२५ मा Women in Global South Alliance का तीनवटा संस्थाहरूसँग गरिने गहन परीक्षण विश्लेषण (in-depth pilot analysis) यस अन्वेषणात्मक अनुसन्धानको पूरक हुनेछ।

## महिलाहरूका लागि भएको विश्वव्यापी लगानी सम्बन्धी तथ्याङ्कको वर्तमान स्थिति

यो खण्डमा आधिकारिक विकास सहायता र परोपकारी संस्थाहरूका ४० भन्दा बढी अनलाइन प्रकाशनहरूको समीक्षाबाट प्राप्त जानकारी प्रस्तुत गरिएको छ ।

**समग्रमा, लैङ्गिक समानतामा लगानी घट्दै गएको छ र विशेषगरी आदिवासी तथा अश्वेत महिला अधिकार सङ्गठनहरू सीमान्तकृत छन् ।** महिला अधिकार सङ्गठन, महिला आन्दोलन, लैङ्गिक मुद्दाहरूमा काम गर्ने गैरसरकारी संस्थाहरू र सरकारी स्तरमा लैङ्गिक पहलहरूमा हुने औसत आधिकारिक विकास सहायता २०१९–२० मा ८० करोड ९१ लाख अमेरिकी डलर रहेको त्यसमा २ प्रतिशतले कमी आई २०२१–२२ मा ६० करोड ३१ लख अमेरिकी डलरमा झरेको पाइएको छ । आदिवासी जनजाति र अश्वेत महिला तथा ग्रामीण समुदायहरूसम्म पुगेका लगानीहरू अक्सर दातृ निकाय अन्तर्गतकै लैङ्गिक समानता, मानव अधिकार र वातावरणीय कार्यक्रम विभाग (पोर्टफोलियो) मार्फत उपलब्ध गराइएको छ ।

**आदिवासी जनजातिका लागि अन्तर्राष्ट्रिय लगानीकर्ताहरू (IFIP) र अन्तर्राष्ट्रिय आदिवासी महिला मञ्च (FIMI) को सन् २०२४ मा प्रकाशित प्रतिवेदनले सन् २०१६ देखि सन् २०२० सम्मको अवधिमा महिला तथा बालिकाहरूको सहयोगार्थ अनुदान स्वरूप करिब २८ अर्ब ५० करोड अमेरिकी डलर उपलब्ध गराइएको जनाएको छ । तथापि, उक्त लगानीको १.४ प्रतिशत मात्र आदिवासी महिलासँग काम गर्ने संस्थाहरूमा गएको छ ।** लगानीमा ठूलो असमानता मात्र होइन, यी संस्थाहरूलाई दिइने अनुदान पनि तुलनात्मक रूपमा थोरै थियो । तीमध्ये आधाभन्दा बढीले २५,००० देखि ७५,००० अमेरिकी डलरसम्मको अनुदान प्राप्त गरेका थिए ।

**ब्ल्याक फेमिनिस्ट फण्ड (२०२३) को प्रतिवेदन अनुसार सन् २०१८–२०१९ को अवधिमा अश्वेत महिला, बालिका र पारलैंगिक व्यक्तिले विश्वव्यापी फाउन्डेशनहरूले गरेको वित्तीय सहायताको ०.५ प्रतिशतभन्दा कम प्राप्त गरेका थिए ।** विशेषगरी, याफ्रो डिसेन्डेन्ट महिलामाथि लक्षित स्रोतहरू सम्बन्धी तथ्याङ्क ज्यादै सीमित छन् । प्रतिवेदनले विश्वव्यापी रूपमा ५३ प्रतिशत अश्वेत नारीवादी समूहहरूलाई आगामी आर्थिक वर्षको लागि लगानी अभाव भएको छ भने ५९ प्रतिशतले कहिल्यै पनि मूल लगानी (कोर फन्डिङ्ग) प्राप्त नगरेको पाइएको छ । विश्वभरका अश्वेत समुदायहरूलाई विनियोजित ११ अर्ब अमेरिकी डलरमध्ये जम्मा ३२.७ प्रतिशत हिस्सा अश्वेत महिला र बालिकाका लागि खर्च गरिएको छ ।


**सन् २०१९–२०२० मा** लैङ्गिक समानताका लागि आधिकारिक विकास सहायता विश्वव्यापी रूपमा ३४ अर्ब अमेरिकी डलर पुगेको भएपनि उल्लेख्य अन्तर विद्यमान छन् । लैङ्गिक समानता र जलवायुको विषयमा आधिकारिक विकास सहायता १८ अर्ब अमेरिकी डलर रहेको छ भने लैङ्गिक समानता र जैविक विविधताको विषयमा आधिकारिक विकास सहायता ४० करोड ९१ लाख अमेरिकी डलर रहेको छ। जलवायु परिवर्तन, जैविक विविधता र लैङ्गिक समानतालाई एकसाथ सम्बोधन गर्न ३ अर्ब ९० करोड अमेरिकी डलर मात्र विनियोजन गरिएको थियो ।

# ग्लोबल साउथ राष्ट्रका महिलाका लागि गरिएको लगानी

यस खण्डमा एक अनलाइन सर्वेक्षणको नतिजा प्रस्तुत गरिएको छ, जसमा Women in Global South Alliance का १३ वटा संस्थाले भाग लिएका थिए । साथै, यसमा सन् २०२३ को लगानी स्तरलाई प्रतिबिम्बित गर्दै सन् २०२४ मा अन्तर्वार्ता लिइएका Women in Global South Alliance का ८ वटा संस्थाका दृष्टिकोण र अनुभवहरू समेटिएको छ, जसले लगानीको स्तरलाई प्रतिबिम्बित गर्दछ ।


Women in Global South Alliance मा हाल १९ वटा राष्ट्रिय तथा क्षेत्रीय स्तरका सङ्गठनहरू आबद्ध छन् । तीमध्ये ८ वटा मिश्रित प्रकृतिका र ११ वटा महिला सम्बन्धित सङ्गठन छन् । Women in Global South Alliance का प्रत्येक सदस्यले क्षेत्रीय, राष्ट्रिय वा स्थानीय स्तरमा काम गर्ने आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिला सङ्गठन, समूह, र संस्थाहरूको उल्लेख्य संख्याको प्रतिनिधित्व गर्दछ । Women in Global South Alliance का क्षेत्रीय सदस्यहरूलाई एकल सदस्यका रूपमा लिइने भएपनि उनीहरू ६ देखि ३० वटा राष्ट्रहरूको प्रतिनिधित्व गर्ने सञ्जाल हुन् । यसैगरी, Women in Global South Alliance का राष्ट्रिय सदस्यहरूले दर्जनौं स्थानीय महिला सङ्गठन वा शाखाहरूको प्रतिनिधित्व गर्छन् । Women in Global South Alliance का १३ वटा सदस्यमाथि गरिएको सर्वेक्षणले सन् २०२३ मा तीमध्ये सातवटा सदस्य (५३.८ प्रतिशत) को वार्षिक बजेट १००,००–५००,००० अमेरिकी डलर रहेको देखाएको छ भने तीमध्ये थोरैले मात्रै आफ्नो बजेट ५००,००० अमेरिकी डलरभन्दा बढी रहेको जनाएका छन् (चित्र १) ।

**चित्र १:** Women in Global South Alliance का संस्थालाई सन् २०२३ मा विनियोजित वार्षिक बजेट





तथापि, सर्वेक्षण गरिएका केही संस्था मिश्रित प्रकृतिको भएकाले महिला सङ्गठनहरूलाई मात्र विनियोजित रकमको स्तर पहिचान गर्न थप तथ्याङ्क विश्लेषण गरिएको थियो । मिश्रित प्रकृतिका संस्थालाई तथ्याङ्कबाट अलग गरी सन् २०२३ को वार्षिक बजेटलाई हेर्दा सर्वेक्षण गरिएका कुनै पनि महिला सङ्गठनले ५००,००० अमेरिकी डलर (चित्र २) भन्दा बढी प्राप्त नगरेको देखिन्छ । महिला अधिकार सङ्गठनहरूमा राष्ट्रिय तथा क्षेत्रीय स्तरका महिला सञ्जाल समावेश छन् र यो बजेटको दायरा धेरै राष्ट्रमा कार्यरत महिला सङ्गठनहरूका लागि समेत उस्तै रहेको छ ।

**चित्र २:** Women in Global South Alliance का महिला अधिकार सङ्गठनलाई सन् २०२३ मा विनियोजित वार्षिक बजेट




सन् २०२३ मा प्रत्येक संस्थाले आवेदन दिई माग गरेको लगानी रकमलाई हेर्दा (चित्र ३) सर्वेक्षण गरिएका संस्थाहरूले औसतमा पाँचवटा आवेदन पेश गरेकोमा तीनवटा आवेदनले मात्र अनुदान प्राप्त गरेका थिए। सामूहिक रूपमा, सर्वेक्षण गरिएका सबै संस्थाहरूद्धारा पेश गरिएका आवेदनमध्ये ६१.३ प्रतिशतलाई मात्रै रकम प्रदान गरिएको थियो।

**चित्र ३:** सन् २०२३ मा लगानी माग गरी पेश गरिएको आवेदन र प्रदान गरिएको लगानी





*द्रष्टब्यः १३ वटा संस्थाको सर्वेक्षण गरिएको भएपनि पेश गरिएका आवेदनको कुल संख्या किटान नगरेको कारण एउटा संस्थालाई चित्र ३ मा तथ्याङ्कबाट अलग गरिएको छ।*

अन्तर्वार्ता लिइएका संस्थाहरूले लगानी प्राप्त गर्नका लागि आफूले अपनाउने रणनीतिमा पैरवी एउटा प्रमुख हिस्साको रूपमा रहेको बताएका थिए। आफ्नो काम तथा तथ्याङ्कको आन्तरिक दस्तावेजीकरण तथा प्रकाशन पनि उक्त रणनीतिका महत्त्वपूर्ण अवयवहरू रहेका थिए। विभिन्न मंचहरूमा पैरवी गर्दा उनीहरू चिनिने र दाताहरूलाई संस्थाका बारेमा थाहा पाउन, काम र विशेषज्ञता पहिचान गर्न तथा साझेदारी कायम गर्न सकिने सम्भावना बढ्छ । विशेषगरी, सञ्जालको सदस्य भई दाताहरूसँग गरिने साझेदारीले लगानीमा पहुँच बढाउँछ भन्नेमा सबै संस्थाहरू एकमत रहेको पाइएको छ । यस्ता साझेदारीले उनीहरूलाई दातासामु थप परिचित बन्न, संगठनात्मक क्षमता र सम्बन्ध निर्माण गर्न, र लगानी प्राप्तिका दाताले तोकेका प्रक्रिया वा आवश्यकता पूरा गर्न प्राविधिक सहयोग पाउन मद्दत गर्दछ ।

सन् २०२३ सम्ममा, सर्वेक्षण गरिएका सबै संस्थाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट रकम प्राप्त गरेका छन् । तीमध्ये अधिकांशलाई निजी प्रतिष्ठान (फाउन्डेसन) वा परोपकारी लगानीकर्ताहरूबाट रकम उपलब्ध भएको छ (चित्र ४) । कुनै पनि संस्थाले राष्ट्रिय स्तरको सरकारी लगानी प्राप्त नगरेको बताएका छन् ।

**चित्र ४:** सन् २०२३ मा भएको लगानीका स्रोतहरु




# चुनौती

अन्तर्वार्ता लिइएका संस्थाहरूले उल्लेख गरेका केही संगठनात्मक चुनौती यस प्रकार छन्: (अ) रकम सङ्कलनका अवसरहरू पहिचान गर्न आवश्यक पूर्णकालीन कर्मचारीको अभाव; (आ) संगठनात्मक क्षमता; र (इ) केही दाताहरूले अनुरोध गरेको समपूरक रकम (Matching Funds) को उपलब्धता । Women in Global South Alliance का अधिकांश संस्था महिला र उनीहरूका समुदायले सामना गर्ने मुख्य समस्याहरूका बारेमा अमूल्य ज्ञान भएका सामुदायिक सदस्य भएपनि उनीहरूमध्ये धेरैजसोमा अनुदान प्रस्ताव तयार र लगानी प्राप्तिसँग सम्बन्धित मापदण्ड पूरा गर्न प्रशासनिक प्रक्रियाको पालना गर्न आवश्यक समय र क्षमताको अभाव छ ।

दाताहरूबाट हुने प्रस्ताव आह्वान सम्बन्धी सार्वजनिक तथा पर्याप्त सूचनाको अभाव, लामा वा जटिल आवेदन फारम भर्न दिइएको छोटो समयावधि, र अङ्ग्रेजीमा मात्र उपलब्ध प्लेटफर्म (माध्यम) लगायतका पक्षहरू लगानीको पहुँचमा बाह्य अवरोधका रूपमा रहेको बताइएको छ । धेरै समय वा प्रशासनिक क्षमता हुनुपर्ने र जटिल आवश्यकताहरू पूरा गर्नुपर्ने (सामान्यतया द्विपक्षीय दाताहरूसँग सम्बन्धित रहेको) आवेदन फारमका कारण प्रस्ताव आह्वान बमोजिम आवेदन पेश गर्न आधारभूत तहमा कार्यरत महिला सङ्गठनहरूको क्षमता सीमित बन्न पुगेको छ । साथै, उनीहरूले प्रायः धेरै लगानी रकम प्राप्त गर्ने अन्य ठूला गैरसरकारी संस्थासँगै आवेदनहरू पेश गर्नुपर्ने अवस्था छ ।

महिला सङ्गठनहरूले काम गर्ने परिवेश जस्तैः द्वन्द्वग्रस्त क्षेत्रहरूमा सदस्यहरूको असुरक्षा, पर्यावरणीय परिवर्तन र भूस्वामित्वको अभावले गर्दा अनिश्चित हेक्टर तथ्याङ्क लगायतका विषयमा दाताहरूलाई जानकारीको कमी हुनु एउटा साझा अवरोध (चुनौतीका) रूपमा रहेको छ । सामान्यतया, जलवायु परिवर्तन र संरक्षण क्षेत्रहरूमा लगानी गर्ने दाताहरूले आवेदनमा उपलब्धिको रूपमा हेक्टर तथ्याङ्क माग गर्छन् । तथापि, महिलाहरूले भूमि र स्रोतमा पहुँच प्राप्त गर्न सामना गर्नुपर्ने समस्यालाई बेवास्ता गरिएको कारण हेक्टर तथ्याङ्क प्राप्त गर्ने कार्य प्रायः सम्भव हुँदैन ।

लगानीको क्षेत्रमा र दाताहरूसँगको सम्बन्धमा महिलाविरूद्ध हुने रुढिवादी सोच तथा पूर्वाग्रह अझै व्याप्त छन् । पुरूषहरूको तुलनामा महिलाहरूले नेतृत्व गरेका संस्थामाथि अधिक जाँचबुझ हुने र कम नतिजाको अपेक्षमा गर्ने प्रवृत्ति रहेको बताइएको छ ।

# दाताहरूलाई सुझाव

- विभिन्न भाषामा प्रस्ताव आह्वान गर्ने प्रणालीको व्यवस्था मिलाउने र आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिला सङ्गठनहरूलाई सो प्रस्ताव बमोजिम आवेदन पेश गर्न पर्याप्त समयावधि प्रदान गर्ने ।
- महिला सङ्गठनहरूसँग विश्वास र दीर्घकालीन सम्बन्ध विकासको वातावरण तयार गर्न बृहत् रणनीतिक योजना बनाउने । दाताहरूले प्रस्ताव आह्वान गर्दा महिलाका लागि समेत एउटै पद्धति अवलम्बन गर्ने गरेका छन्, जसले आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिलाले आफ्नै मौलिक परिवेशमा रही आवेदन पेश गरी लगानी प्राप्त गर्न सक्ने अवसरलाई संकुचित बनाएको छ ।
- जटिल आवश्यकताहरू पूरा गरी आवेदन पेश गर्न सक्ने क्षमता भएकाहरूलाई मात्र नभई आधारभूत तहमा रही काम गर्ने महिला–नेतृत्वमा रहेका संस्थाहरूलाई पनि ध्यान दिने ।
- आवेदनका ढाँचा र आवश्यकताहरू अनुपालनका लागि सक्षम बनाउन प्रस्ताव तयार गर्न आर्थिक सहायता प्रदान गर्ने ।
- अनुदानमा प्रशासनिक लागत समेत समावेश गर्न पाउने व्यवस्था मिलाउने र आयोजना लागत र/वा संस्थागत लेखापरीक्षण प्रतिवेदन लगायत संस्थागत क्षमता सुदृढीकरणका लागि रकम विनियोजन गर्न अनुमति दिने ।
- विशेषगरी आन्तरिक द्वन्द्व भइरहेको क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति, याफ्रो डिसेन्डेन्ट मानिस र स्थानीय समुदायका महिलाको लैङ्गिक हिंसा तथा संरक्षण र सुरक्षालाई सम्बोधन गर्न लगानीका थप अवसरहरू सिर्जना गर्ने ।
- महिला सङ्गठनहरूलाई बहु–वर्षीय रकम प्रदान गर्ने । साना र अल्पकालीन लगानी गर्ने वर्तमान प्रवृत्तिले महिलाहरूलाई दाताले अपेक्षा गरेको “ठूला परिवर्तन” हासिल गर्न वा संरचनात्मक लैङ्गिक असमानता घटाउन असम्भव बनाउँछ ।

- प्रत्यक्ष लगानीलाई थप लचिलो बनाउने । लचिलो लगानी भनेको के भन्ने बारेमा तल केही उदाहरण प्रस्तुत गरिएको छः

  - स्थानीय परिवेश तथा विशेष आवश्यकता र महिला सङ्गठनहरूले आधारभूत स्तरमा तयार गर्ने रणनीतिहरूसँग (दाताको प्राथमिकता वा विषयवस्तुमा मात्र होइन) अनुकूल रहेको,
  - प्रत्येक वर्ष धेरै संख्यामा लिखित प्रतिवेदन पेश गर्नुपर्ने प्रशासनिक बोझ उच्च रहेको अवस्थामा त्यस्तो प्रतिवेदन गर्ने विधि र समयको विकल्प रहेको । जस्तैः भिडियो वा बैठक, र
  - संगठनात्मक प्रक्रिया, मानव संसाधन वा प्रशासनिक कार्यहरू जस्तैः लेखा परीक्षणका लागि रकम विनियोजन गर्न सकिने व्यवस्था रहेको ।

# धन्यवाद ज्ञापन

**प्रस्तुत सारपत्रका लेखक ओमैरा बोलानस र लारेन मोरन–भालेन्जुएला** (Omaira Bolaños and Lorene Moran-Valenzuela) हुनुहुन्छ । यसले ग्लोबल साउथका आदिवासी जनजाति, अफ्रिकी मूलकका मानिस र स्थानीय समुदायका महिला सङ्गठनहरूमा हुने लगानीको स्तर पहिचान गर्ने उद्देश्यले राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभ (Rights and Resources Initiative) द्वारा सञ्चालित क्षेत्र निर्धारण (स्कोपिङ) अनुसन्धानको पहिलो चरणमा सङ्कलन गरिएको तथ्याङ्कको प्रारम्भिक विश्लेषण प्रदान गरेको छ ।

**यस क्रममा आफ्ना अमूल्य ज्ञान र दृष्टिकोण प्रदान गर्ने** Women in Global South Alliance **सँग सम्बन्धित संस्थाहरू देहाय बमोजिम छन्:** Indigenous Peoples Pact (AIPP); La Asociación de Mujeres Afrodescendientes del Norte del Cauca (ASOM); Coalition des Femmes Leaders pour l'Environnement et le Développement Durable (CFLEDD); Coordinadora de Mujeres Líderes Territoriales de Mesoamérica (CMLTM); Confederación Nacional de Mujeres Indígenas de Bolivia (CNAMIB); Coordenação Nacional de Articulação das Comunidades Negras Rurais Quilombolas (CONAQ); Dynamique des Groupes des Peuples Autochtones (DGPA); Federation of Community Forest Users, Nepal (FECOFUN); Foundation for Community Initiatives (FCI); Fundación Azúcar; National Indigenous Women's Federation (NIWF); Organización Nacional de Mujeres Indígenas Andinas y Amazónicas del Perú (ONAMIAP); Association of Indigenous Women of the Archipelago (PEREMPUAN AMAN); La Red de Mujeres Afrolatinoamericanas, Afrocaribeñas y de la Diáspora (Red MADD); Le Réseau des Femmes Africaines pour la Gestion Communautaire des Forêts (REFACOF); Social Entrepreneurs for Sustainable Development (SESDev); Women Rights and Resource Network (WRRN).

**पूर्वकार्यको समीक्षा, तथ्याङ्क सङ्कलन र गुणात्मक तथ्याङ्कको विश्लेषणः** लिजेट सोरिया र मिलिजा मार्टिनेज (Lizzette Soria and Militza Martinez)

**सर्वेक्षणको विश्लेषण र स्रोत तथा सुझावहरूको संकलनः** ओमैरा बोलानस र लारेन मोरन–भालेन्जुएला (Omaira Bolaños and Lorene Moran-Valenzuela)

**सारपत्रका सम्पादकः** निकोल ह्यारिस र मदिहा वारिस (Nicole Harris and Madiha Waris)

**डिजाइनः** पब्लिकेसन्स प्रोफेसनल्सकी याश्ली योङ (Ashley Young)